म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- १३५ २०७९ चैत २५ गते शनिबार 8 April 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## १० हजार किलो खुर्सानी नष्ट

सुनसरीः भन्सार छलेर ल्याइएको १० हजार किलो हरियो खुर्सानी राजस्व अनुसन्धान कार्यालयले नष्ट गरेको छ । प्रज्ञापन पत्रमा ४ सय किलो उल्लेख गरेर १० हजार किलो भारतीय नम्बरको ट्रक उक्त कार्यालयले गत मंगलबार नियन्त्रणमा लिएको थियो ।

लिलामी नभई कुहिने अवस्था आएपछि कानुनी प्रक्रियाअनुसार नष्ट गरिएको उक्त कार्यालयले जनाएको छ । न्यु लालीगुराास ट्रेड एन्ड सप्लार्यस काकडभिट्टाले उक्त खुर्सानी आयात गरेको थियो । खुर्सानी त्यहा अनलोड नगरी विराटनगरको गौरीशंकर सप्लायर्सलाई बेचेको बिलमा पनि परिमाण फरक पारी ४ सय किलो मात्र उल्लेख भएको राजस्वको भनाइ छ । *(स्रोतः ईकान्तिपुर)*

# चटपटे र चप बेचेरै घर-घडेरी

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ-५ मा बस्दै आउनुभएका चन्द्र तामाङको दैनिकी चटपटे पसलमा बित्ने गरेको छ । चन्द्र भन्नुहुन्छ- 'आफूले धर्तीमा पाइला टेकेको या जन्मेको २/३ दिनमा आमा गुमाउनु पर्‍यो । त्यसपछि ठूली आमाले काखमा हुर्किएँ । अहिले २८ वर्षको भएँ ।'

सिन्धुपाल्चोकमा जन्मनु भएका चन्द्रको दैनिकी राक्सिराङ गाउँपालिकाको बोटबारीमा बित्ने गरेको छ। उहाँको दैनिकी दुङ्गु खोलाको किनार आसपास चटपटे, आलुचप बेचेर बित्ने गरेको छ । चटपटे, आलुचप बेचेर आफूले ३ वर्षमा दुई ठाउँमा घडेरीसमेत जोडेको बताउनुभयो । मनहरी गाउँपालिका-६, लोथरमा सवा १६ धुर जग्गा जोड्न सफल भएको चन्द्रले जानकारी दिनुभयो। त्यस्तै, राक्सिराङ गाउँपालिका-५, बोटबारीमा १० धुर जग्गा जोडेको उहाँले बताउनुभयो। आफूलाई सुहाउँदो ओत लाग्ने घर पनि बनाएको उहाँको भनाइ छ ।

'वर्षायाममा सानो घुम्ती भएकाले व्यापार बढी हुने गरेको छ', चन्द्रले भन्नुभयो- 'गाउँबाट बजार हिँडेकाहरुको थकान मार्ने थलोको रुपमा घुम्ती रहेको छ। बजारबाट फर्केकाहरुको बाटो बिसाउने थलोका रुपमा सोही स्थान उपयुक्त बन्दै गएको छ ।' हिउँदमा भन्दा वर्षायाममा व्यापार बढी हुने गरेको चन्द्रको भनाई छ। वर्षातको समयमा दैनिक ९/१० हजार रुपैयाँ आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो। हिउँदमा भने दैनिक २/३ हजार रुपैयाँमात्र आम्दानी हुने उहाँले बताउनुभयो।

आमाको मृत्युपश्चात् बाल्यकालदेखि संघर्षमय जीवन बिताइरहनु भएका चन्द्रले प्रेम विवाह पनि गरिसक्नुभएको छ । राक्सिराङको बोटबारीकी एक युवतीसँग प्रेम विवाह गर्नुभएको हो । विवाहपश्चात् औद्योगिक तालिम लिएर विदेश पलायन हुन पनि चन्द्र तयार हुनुभएको थियो। तर, एक्कासी छातीमा दाग देखेपछि विदेश पलायनको सपना चकनाचुर भएको उहाँले बताउनुभयो।

चन्द्र मकवानपुरको मनहरी बजारमा कोठा भाडामा लिएर बस्न थाल्नुभयो । भाडामा बस्दै ठेला व्यवसाय पनि सुरु गरेको उहाँको भनाई छ। ठेलाबाट नाफामूलक आम्दानी लिन नसकेको उहाँले जानकारी दिनुभयो । व्यवसायमा नोक्सान भएपछि बिहान-बेलुकाको छाक टार्नसमेत धौंधौ परेको स्मरण गर्नुभयो । कोठाभाडा तिर्नसमेत कठिनाइ भएपछि व्यवसायबाट निराश हुनुभएका चन्द्र बोटबारी फर्किनुभयो । त्यसलगत्तै घुम्तीमा चटपटे र आलु चपको व्यवसाय सुरु गरेको उहाँले जानकारी दिनुभयो । एक वर्षदेखि दुङ्गु दोभान कुरेको उहाँको भनाइ छ ।

श्रीमतीसहित एउटी छोरीसमेत रहेको चन्द्रले घर खर्च उक्त व्यवसायबाट सजिलै चलाइरहेको बताउनुभयो। चन्द्र भन्नुहुन्छ- 'नेपालमै केही गर्न सके पैसा कमाउनकै लागि विदेशिनु नपर्ने रहेछ।' कोही कसैले घुमाउरो पारामा ठग्न बसेको भन्दा आफ्नो मन दुख्ने गरेको दुःखेसो पोख्नुभयो । काम गर्न लाज लाग्नेहरुले यस्तो भन्दा मन खिन्न हुने उहाँले बताउनुभयो। अरुले गरेको कामलाई अपहेलित नगर्न उहाँले आग्रह गर्नुभयो ।

चटपटे, आलुचप बेचेरै घर परिवारको खर्च पुर्‍याउनुका साथै बिरामी हुँदा कसैसँग पनि माग्नु नपर्ने हैसियत बनाएकाले आफ्नो पेशामा सन्तुष्ट रहेको उहाँले बताउनुभयो । बगरमै बसेर गरिएको व्यापार आफ्ना लागि ठूलो सहारा भएको उहाँको भनाइ छ। आफ्नो पेशामा राक्सिराङ गाउँपालिकाका जनप्रतिनिधिहरुसमेत खुसी रहेको र हौसला दिने गरेको चन्द्रले जानकारी दिनुभयो ।

पढाइमा समेत अब्बल रहनुभएका चन्द्र विदेश पलायन भएर पसिना बगाउनुभन्दा आफ्नै देशमा पसिना बगाउनु फलदायी हुने भन्दै यसले अरुलाई पनि प्रेरित गर्ने र परिवारसँगै हाँसीहाँसी सुखमय जीवन कटाउन सकिने दावी चन्द्रले गर्नुभयो। चन्द्र भन्नुहुन्छ- 'आफूसँग विगतमा ओत लाग्ने ठाउँसमेत थिएन् । अरुको बाख्राको खोर सफा गरेर ओतका लागि ठाउँ माग्ने गर्थें । तर सानो व्यापारबाट अहिले ओत लाग्न घर र जमिन जोडेको छु। जसले गर्दा अरुले समेत आफ्नो पेशामा गर्व गर्छन् ।' बाबुको मृत्यु भएको पनि ५ वर्ष भएको चन्द्रले बताउनुभयो ।

# एसईईः वातावरण शिक्षाको प्रश्न सहज



*हेटौंडा-९ स्थित प्रगति मावि परीक्षा केन्द्रमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः एसईईअन्तर्गत शुक्रबार स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयको परीक्षा भयो। शुक्रबारको प्रश्नपत्र औसत विद्यार्थीका लागि सीप र रचनात्मक उत्तर दिन सहज हुने किसिमको आएको भुटनदेवी माविका स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयका शिक्षक अभि मैनालीले बताउनु भएको छ । उच्चस्तरको प्रश्न अलि जटिल हुने भएकोले ज्ञान धेरै हुन आवश्यक रहेको उल्लेख गर्नुहुँदै मैनालीले विद्यार्थीलाई उत्तर दिन सहज नै भएको विश्वास व्यक्त गर्नुहुन्छ ।

परिस्थितिगत विस्तारका प्रश्नहरु आएका छन् जुन आफ्नो धारणा लेख्नुपर्ने प्रश्नहरु जटिल रहेको उल्लेख गर्नुहुँदै स्वास्थ्यका दृष्टिकोणले गुणस्तरीय जिवनमा ध्यान दिनुपर्ने कुराहरु के-के हुन् ? भन्ने प्रश्नलाई स्वास्थ्यको दृष्टिकोणले हेर्नुपर्ने हुँदा यसको उत्तर लामो दिनुपर्ने हुन्छ जसलाई व्याख्या गर्नुपर्छ आफ्नो मौलिक उत्तर दिनुपर्छ त्यसमा जटिलता आउन सक्ने उहाँको भनाइ छ।

मोबाइल फोन र इन्टरनेटको उपयोगिता, महिला सशक्तीकरणको विषय, लागुऔषध दूर्व्यसन, उपचार भन्दा रोकथाम राम्रो, वन्यजन्तु आरक्षण, राजनीति जस्ता प्रश्न ८ कक्षादेखि नै सुन्दै आएको र त्यस्ता प्रश्नको उत्तर दिन विद्यार्थीलाई सहज हुने मैनाली बताउनुहुन्छ। प्रश्नपत्रमा कुनै किसिमको त्रुटी नभएको र प्रश्नको नमूनाअनुसार नै तयार पारेको मैनालीले बताउनुभयो ।

एसईईको छैठौं दिन शुक्रबार अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयमा ६ हजार एक सय ५९ जना परीक्षार्थी उपस्थित भएका थिए । छात्रा ३ हजार ३ सय ६५ जना र छात्र २ हजार ७ सय ९४ जना उपस्थित भएका हुन् । यस्तै एक सय २४ जना परीक्षार्थी परीक्षामा अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभएको छ । छात्रा ४६ जना र छात्र ७८ जना परीक्षामा अनुपस्थित भएको उहाँले बताउनुभयो । चैत २९ गतेसम्म संचालन हुने परीक्षाको सातौं दिन शनिबार ऐच्छिक विषयको परीक्षा हुनेछ ।

समृद्ध समाज राष्ट्रिय दैनिक

# हेटौंडा-११ पूर्ण खोप सुनिश्चित वडा घोषणा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ लाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको छ । शुक्रबार एक कार्यक्रमका बीच पूर्ण खोप सुनिश्चित तथा दिगोपन वडा घोषणा गरिएको वडा अध्यक्ष जुना दाहालले जानकारी दिनुभएको छ।

वडा अध्यक्ष जुना दाहालको अध्यक्षतामा कार्यक्रम भएको हो । पूर्ण खोप सुनिश्चित वडा घोषणाका लागि ४ जना स्वास्थ्य स्वयंसेविकाहरुले तथ्यांक संकलन गरी आवश्यक तयारी गरेर पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको वडा अध्यक्ष दाहालले जानकारी दिनुभयो ।

गत आर्थिक वर्षमा वडाका १ सय ६० बालबालिकालाई पूर्ण खोप लगाइएको र चालु आर्थिक वर्षमा १ सय ५६ बालबालिका पूर्ण खोप लगाउने सूचिमा समेटिएको थियो । खोप लगाउन छुटेका तीनजना बालबालिकालाई पनि खोप लगाइएपछि पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको वडा अध्यक्ष दाहालले स्पष्ट पार्नुभएको छ ।

# रामेछापमा सवारी दुर्घटना हुँदा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको मन्थली नगरपालिका-७, कौछेनीमा सवारी दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मन्थलीका ५० वर्षीय बलेरो चालक दलबहादुर आलेमगर, ८२ वर्षीया नन्दमाया भण्डारी, ५५ वर्षकी ज्ञानदानी तामाङ, ६८ वर्षका जेनसुन तामाङ र सुनापति गाउँपालिका-१, गुन्सीकी आठ वर्षीया लाक्पा घिसिङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

भित्री सडकखण्डमा मन्थलीबाट कौछेनीतर्फ जाँदै गरेको वा ११ च ५५३ नम्बरको बलेरो ब्रेक फेल भई सडकबाट करिब १ सय मिटर तल खसेको थियो । बोलेरोमा १६ जना सवार रहेका थिए ।

दुर्घटना हुँदा ४ जना महिलाको घटनास्थलमा नै मृत्यु भएको र चालकको उपचारको क्रममा सामुदायिक अस्पताल मन्थलीमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । घाइते भएका ११ मध्ये तीन जनाको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ । तीन जना गम्भीर घाइतेलाई थप उपचारका लागि काठमाडौं लगिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ३ जना बालबालिका, ४ जना पुरुष र ४ जना महिला घाइते भएको प्रहरीले जनाएको छ । अन्य घाइतेहरूको मन्थली अस्पताल र रामेछाप सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । शव मन्थली अस्पतालमा रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# लागूऔषधसहित ५ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले विभिन्न लागूऔषधसहित ५ जनालाई पक्राउ गरेको छ । लागूपदार्थ नाइट्राभेट, वनरेक्स, डाइजेपाम, नोरफिन, फेनारगनसहित प्रहरीले छुट्टाछुट्टै ठाउँबाट ५ जनालाई नियन्त्रणमा लिएको हो ।

हेटौंडा-१५ स्थित चुरियामाई मन्दिरमा लागूऔषध नाइट्रोभेटसहित प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । बिहीबार वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ह १३७२ नम्बरको अटोलाई शंका लागि सुरक्षाजाँच गर्दा अटोमा लुकाई छिपाई ल्याएको लागूऔषध नाइट्रोभेट २९९ पिस (ट्यावलेट) फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पक्राउ पर्नेमा कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-१८, भगतपुर घर भई हाल नवलपरासी गैंडाकोट नगरपालिका-१, ब्रिटिशक्याम्प रोड बस्ने २७ वर्षीय सन्तोष सिंह, अटोमा सवार चितवन जिल्ला भरतपुर महानगरपालिका-२, क्षेत्रपुर बस्ने ३५ वर्षीय ईश्वर श्रेष्ठ र अटोमा सवार सोही ठाउँका ३४ वर्षीय रमेश घले रहेको प्रहरीले जनाएको छ। लागूऔषधसहित ३ जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, हेटौंडा-१, चौकीटोलमा लागूऔषधसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार तरकारी बजारबाट विशेष सूचनाको आधारमा वीरगञ्जबाट काठमाडौं जान आएको भारतीय नम्बरको कागती लोड बलेरो गाडीलाई सुरक्षाजाँच गर्दा लागूऔषध वनरेक्स २४० बोतल (प्रति बोतल १०० एमएल), डाइजेपाम १३ बट्टा (प्रति बट्टा ५० एम्पुल), नोरफिन ६ बट्टा (प्रति बट्टा १०० एम्पुल), फेनारगन १२० पत्ता (प्रतिपत्ता ५ एम्पुल) फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पक्राउ पर्नेमा भारत सिवान जिल्ला पञ्चायत-५ बस्ने चालक २६ वर्षीय अमित कुमार र उक्त गाडीमा सवार सोही स्थानका २३ वर्षीय अनिलकुमार रहेको प्रहरीले जनाएको छ । लागूऔषधसहित अनिल र अमितलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।









# चार प्रश्नको जवाफ



**अकबर वीरबलको कथा**

एक दिन सभा सकिनासाथ अकबरले तीनओटा पृथक प्रश्न गरे । 'त्यस्तो कुन चिज हो जो आज पनि छ र भोलि पनि हुने छ ?'

'त्यो चिज जुन आज पनि छैन र भोलि पनि नहुन सक्छ'

'आज नभएको तर भोलि हुन सक्ने चिज कुन हो ?'

'त्यो कुन चिज हो जो आज छ तर भोलि हुनेवाला छैन ? मेरा यी चार प्रश्नको उत्तर जसले दिन्छ म उसलाई भारी इनाम दिनेछु ।'

अरु बेलाजस्तै वीरबलबाहेकका भारदार र मन्त्रीहरुको दिमागले कुनै काम गरेन । वीरबल भने यी प्रश्नको उत्तर दिन तयार भए । उनले भने, 'हजुर ! मसँग हजुरले साँझ सँगै शहरको यात्रा गर्नुपर्ने छ । म यी प्रश्नको उत्तर प्रयोगात्मक तवरले दिनेछु ।' वीरबलले भने । अकबर वीरबलको प्रस्तावसँग सहमत भए ।

उनीहरुले भेष बदले र शहरतिर प्रस्थान गरे । उनीहरु एकजना पसलेकँहा पुगे । पसलेसँग वीरबलले भने, 'हामीलाई एकहजार स्वर्ण मुद्रा दिनुहोस जसबाट हामी मदरसा खोल्न चाहन्छौँ ।' पसलेले मुनीमलाई एक हजार स्वर्ण मुद्रा दिन आदेश दिए । वीरबलले भनिहाले 'यो स्वर्णमुद्रा लिएपछि जति हो त्यति पटक दिने मानिसको टाउकोमा जुत्ताले हानिनेछ ।'

यस्तो अनौठो र सनकी कुरा सुनेर साहुको नोकर रिसाएर वीरबलतिर जाइलाग्न खोज्यो । ती साहुले उसलाई रोके र भने, 'लौ त्यो पनि मान्छु तर मेरा पैसाले केही न केही गर्नुपर्छ ।' साहूले त्यो जवाफ दिएपछि उनीहरुले दिन्छु भनेको स्वर्ण नलिइकनै निस्के ।

'हूजुरको पहिलो प्रश्नको उत्तर आएजस्तो लाग्छ । उनीसँग आज बहुत रुपियाँ पैसा छ उनी यसलाई सदुपयोग गरेर नाम राख्ने ठाउँमा खर्च गर्न चाहन्छन् । यही हो आज पनि भएको र भोलि पनि हुने भनिएको कुरा ।' वीरबलले भने र त्यहाँबाट उनीहरु एक जना भिखारी बसेको पाटीमा पुगे । वीरबलले भिखारीसँग हात जोड्दै भने, हे भिखारी ! आज तिमीसँग यतिका खानेकुरा रहेछ । हामी पनि भोकै छौँ कृपया हामीलाई पनि खान दिएर धर्म गर न ।' भिखारीले खानेकुरा दिने बिचार गरेन । उसले भन्यो, 'म भन्दा नि भिखारी कहाँबाट आयो ? मजस्तासँग पनि माग्ने ? जाऊ कहाँ जानुपर्छ मसँग तिमीलाई दिने कुरा छैन ।'

उनीहरु भिखारी बसेको पाटीबाट निस्के । वीरबलले भने त्यो भिखारीसँग केही छैन जे छ त्यो न्यून छ अर्थात उसँग आज पनि छैन र त्यो भोलि पनि हुने सम्भावनामा छैन । त्यसकारण ऊ दिन तयार छैन । त्यसपछि उनीहरु अघि बढे । एउटा पिपलको रुखनिर पुगे । त्यस रुखको फेदमा एक जना मानिस तपस्या गरिरहेका थिए । वीरबल र अकबर त्यहीं पुगे । वीरबलले पैसा झिके र तपस्वीको छेउमा राखे ।

'ए भाइ यो पैसा यहाँ नराख । मलाई तिम्रो पैसा चाहिएको छैन ।' उनी चिच्याए । वीरबल र अकबर त्यहाँबाट हिंडे ।

'जहाँपनाह ! अहिले तेस्रो प्रश्नको उत्तर मिलेको छ । यिनीहरु अहिले सुख छैन तर तपस्याको फल पाएर भोलि भविष्यमा यिनी सुखी हुन सक्छन् ।'

'चौथो प्रश्नको उत्तर अझै बाँकी छ ।' अकबरले सम्झाए ।

'अब चौथो प्रश्नको उत्तर हामीसँगै छ सम्राट । हुजूर अहिले राजा हुनुहुन्छ तर भोलि यो सब राजपाट छोडेर जानुपर्छ । त्यसकारण यही राजपाट हुजुरको चौथो प्रश्नको उत्तर हो ।'

अकबरलाई वीबलको प्रयोग र प्रश्नको उत्तर ठीक लाग्यो । उनले वीरबललाई अङ्कमाल गरे ।

# एसईईपछि पढ्नुपर्ने दस किताब



**छवि अनित्य**





पढ्नु अत्यन्तै गाह्रो काम हो । किताब पढ्न सजिलो पक्कै छैन । अझ भर्खरै माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर बसेका विद्यार्थीलाई फेरि 'पढ्ने सुझाव' दिनु अपराध नै ठानिन पनि सक्छ । तर यो सबैभन्दा उपयुक्त समय हो किताब पढ्ने ।

आइतबारदेखि यस वर्षको एसईई परीक्षा सकिँदैछ । त्यसपछिका करिब तीन महिना विद्यार्थीका लागि सबैभन्दा उर्वर समय हो । यो समयमा जे तयारी गरिन्छ, त्यसले उनीहरुको भविष्य निर्धारण गर्नका लागि सबैभन्दा महत्वपूर्ण भूमिका खेल्छ । दस कक्षासम्म आइपुग्दा पनि कतिपय विद्यार्थी पाठ्यपुस्तक भन्दा बाहिर आउन नसकेको यथार्थ हो । यस हिसाबले पनि सबैजसो भाइबहिनीलाई पढ्ने कुरा गर्ने बित्तिकै लाग्छ, 'फेरि पढ्ने !'

हो, फेरि पढ्ने । तर अब पढ्दा परीक्षाको तनाव नसम्झी पढ्ने । कुनै पनि किताब पढ्नु भनेको एकप्रकारको ध्यानमा लिनहुनु जस्तै हो । किताबभित्र रहेको अथाह ज्ञानलाई आफूमा प्रवाह गर्नु हो । किताब आफैँमा नराम्रो हुँदैन । पाठकको रुची के छ भन्ने कुराले राम्रो र नराम्रोको तह निर्धारण गर्छ । रुचीको किताब परे राम्रो लाग्छ, नपरे नराम्रो ।

किताब घरले बिदाको यो समयमा खासगरी एसईई दिएर बसेका किशोर-किशोरीहरुका लागि उपयोगी दस किताबको यस्तो सूची बनाएको छ ।

**१. गुणरत्नमाला:**

झण्डै डेढ सय वर्षअघि लेखिएर आजसम्म पनि उत्तिकै लोकप्रिय हुनु 'गुणरत्नमाला'को गुणको प्रभाव नै हो । व्यवहारिक ज्ञानदेखि जीवनदर्शनका महत्वपूर्ण सन्दर्भहरूको काव्यिक भाषामा सरल प्रस्तुतिले जोकोहीलाई लोभ्याउँछ । यो किताबले किशोर-किशोरीहरुमा सामाजिक, व्यवहारिक तथा जीवनोपयोगी ज्ञान प्रवाह गर्न मद्दत गर्छ ।

**२. जङ्गबहादुरको युग:**

ऐतिहासिक अध्ययनमा रुची राख्नेहरूका लागि महत्वपूर्ण किताब हो 'जङ्गबहादुरको युग' । कतै नायक त कतै खलनायकको रुपमा जङ्गबहादुरको चरित्रलाई किताबमा रोचक ढंगले प्रस्तुत गरिएको छ । खासगरी इतिहासमा रुची हुनेहरुका लागि यो एक उपयोगी किताब हो ।

**३. पल्पसा क्याफे:**

'पल्पसा क्याफे' २०६० को दशकका युवाहरूलाई किताब पढ्न प्रेरित गर्ने महत्वपूर्ण उपन्यास हो । द्वन्द्वकालीन परिवेशको कथावस्तु बुनिएको यो किताब अंग्रेजी, कोरियन, फ्रेन्च लगायतका भाषामा समेत अनुवाद भैसकेको छ । युवाहरुकै सेरोफेरोमा लेखिएको यो किताबले पछिल्लो समय युवाहरुमाझ चलेको विदेशिने लहरकाबीच देशमै केही गर्नका लागि प्रेरित गर्नसक्छ ।

**४. जीवन काँडा कि फूल:**

'जन्मको झमक घिमिरेलाई कर्मको झमक घिमिरेले जितेको कथा हो, जीवन काँडा कि फूल ।' प्रकाशकले किताबको पछाडीको गातामा लेखेको वाक्य हो यो । झमकको कष्टपूर्ण शारीरिक जीवनलाई दुनियाँले सम्मान गर्ने उचाइमा पुग्नुअघिको उतारचढाव कस्तो थियो भन्ने यसले बुझाउँछ । यो एक प्रेरणादायी आत्मकथा हो ।

**५. फूलको आँखामा:**

आनी छोइङ डोल्माले आजको ख्याती कमाउनुअघिको संघर्षको कथा हो 'फूलको आँखामा' । सुरुमा फ्रान्सेली भाषामा लेखिएको यो आत्मकथाले जीवनलाई हेर्ने दृष्टिकोण बदल्न सघाउँछ । नेपाली भाषामा अनुवाद हुनुअघि नै यो किताब अरु एघार भाषामा प्रकाशित भैसकेको थियो ।

**६. उहिलेको नेपाल:** 'उहिलेको नेपाल' लेखक भैरव रिसालको सात दशक लामो पत्रकारिता अनुभवको प्रतिफल हो । समग्र मुलुकको विकासक्रमको सुन्दर व्याख्या र इतिहासको साक्षी बस्न पाइने पुस्तकको रुपमा यसलाई लिन सकिन्छ । अनुभवमा आधारित रहेर गरिएको यो किताब भित्रको वर्णनले आजको पुस्तालाई हिजोको समाजसँग साक्षात्कार गराउन सहयोगी भूमिका निर्वाह गर्नसक्छ ।

**७. शून्यको मूल्य:**

प्रकाशकको भाषामा 'शून्यको मूल्य' सृजनात्मक गैरआख्यान हो । तर पाठकलाई यो पढ्दै गर्दा यथार्थ हो वा आख्यान, छुट्याउन गाह्रो पर्छ । भाषाको मिठासले कर्णालीका आमाहरूको कठोर दैनिकीलाई लेखक डा. नवराज केसीले सहजै पाठकका आँखामा उतार्न सकेका छन् । सहरी परिवेशमा हुर्केका किशोर-किशोरीहरुलाई कर्णालीको दु:खको वर्णन दन्त्यकथा जस्तै लाग्न पनि सक्छ ।

**८. बाआमा:**

मदन पुरस्कार विजेता रामलाल जोशीको कथा संग्रह 'बाआमा' यस वर्षको एक उत्कृष्ट कृति हो । प्रत्येक सन्तानले आफ्ना बाआमालाई अनि बाआमाले आफ्ना सन्तानलाई पढाउनुपर्ने किताबका रुपमा यसलाई हेरिन्छ । यो किताब पढिसकेपछि पाठकले अभिभावकप्रतिको आफ्नो दायित्वबोध गर्न सक्दछन् ।

**९. अब यस्तो कहिल्यै नहोस्:**

इतिहासका कतिपय गल्तीहरू, जो कहिल्यै नदोहोरिउन् भन्ने लाग्छ तिनैको वर्णन पाइन्छ बाबुराम आचार्यको 'अब यस्तो कहिल्यै नहोस्' मा । खासगरी पृथ्वीनारायण शाहको मृत्युपछि चलेको घात-प्रतिघातको शृंखला वर्णन पाठकलाई रुचीकर लाग्न सक्छ । पाठ्यपुस्तकबाट छोटिँदै गएको ऐतिहासिक अध्ययनको दायरालाई फराकिलो पार्न सघाउने किताब हो यो ।

**१०. शिलान्यास:**

पृथ्वीनारायण शाहको विजय अभियानको चरित्र र स्वतन्त्र एवम् सार्वभौम नेपालको निर्माणको नालीबेली हो सुजित मैनालीको पुस्तक 'शिलान्यास: नेपाल निर्माणको नालीबेली' । यसले इतिहाससम्बन्धी कतिपय भ्रमहरूको पर्दा खोल्ने काम पनि गरेको छ ।

(यो सूची किताबघरमा तत्काल उपलब्ध किताबहरुबाट तयार गरिएको हो । किशोर-किशोरीहरुका लागि उपयोगी अरु थुप्रै किताबहरु पाइन्छन् ।)

# नलेखेको कथा



**श्याम श्रेष्ठ**

लघुकथा

साँझपख उदित कोठा भित्र पस्यो र चुकुल लगायो । हातमा कलम कापी लिएर उ लेख्न बस्यो ।

कोठा बाहिर एउटी नारीको आवाज गुन्जियो, "ढोका खोल्नुहोस् न भने ! होइन, यो लेखेर मात्र के हुन्छ ? खुबै साहित्यकार बनेको छ, लेख्न बस्यो दिनरात बितेको चाल नै पाउँदैन, पकाएर खाउँ घरमा एक दाना अन्न छैन, बजार जाउँ पैसाको नाममा एक कौडी छैन, होइन ! सुनेको छ कि छैन ? हेर, बालकले के खाला भनेर पनि कस्तो विवेक नभएको ? एकदिन हैन दुईदिन हैन, यस्तोसँग बसेर अब म जीवन बिताउन सक्दिन ।"

उदित लेख्दै थियो । अचानक हातबाट कापी भुईंमा झर्दा उ सपनाबाट व्युँझे झैं गरी कल्पनाबाट ब्युँझियो, उसको आँखा भित्तामा रहेको भित्ते घडिमा पुग्यो । बिहानको ४ बजिसकेको थियो ।

उ आत्तिदै उठदै एक्लै बर्बरायो, "ओहो ! समय बितेको त पत्तै भएन, मेरो पत्नी र छोराले हिजो साँझ के खाए होलान ? किनेर ल्याउनु पर्ने थियो, भुसुक्कै बिर्सेछु, अनि मलाई बोलाउन पनि बोलाएन कि ? साँच्ची मैले उनले कराएर लेख्न बाधा पुऱ्याउला भनी कानमा कपास कोचेर लेख्न बसेको थिएँ, कति बोलाए होलान्" भन्दै उसले दुबै कानमा कोचेको कपास निकाल्यो । उसले हतपत चुकुल खोल्दै भान्छाकोठा पस्यो । चिसो चुल्हो र सुकेको भाँडाकुँडा देख्यो । हतारिएर कोठा भित्र पस्यो । सँगै सुत्ने ओछ्यान खाली थियो । ओछ्यान माथि एउटा केही लेखेको कागज थियो । उसले उठायो र पढ्यो, "तिमीले धेरै कथा लेख्यौ, तर म नलेखेको कथा हुँ, तिमीले मलाई न कहिले लेख्न खोज्यौ, न कहिले बुझ्न खोज्यौ ? म अनिश्चित भविष्य बोकेर यो बालकको सुनिश्चित भविष्यका लागि म हिंड्न बाध्य भएको छु ।"


*हेटौंडा-६, चौघडा*

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

समृद्ध समाज राष्ट्रिय दैनिक

# शिक्षकभित्र गुरुत्वको खोजी



**दिपक गौतम**

*एकदमै थोरै शिक्षकमात्र बालबालिकालाई भविष्यका कर्णधार र वर्तमानका साझेदार ठान्छन्, बालबालिकाभित्रको क्षमतालाई चिन्दछन् र सोहीअनुसारको व्यवहार गर्दै उपयुक्त सिकाइ वातावरणसमेत तयार गर्छन् ।*

'गुरु' अर्थात् अन्धकार हटाई उज्यालो छर्ने मान्छे । बालबालिकालाई जीवनका सबै खाले प्रतिकूलतालाई चिर्दै अनुकूलताको खोजी गर्न उत्प्रेरित गर्ने मान्छे । किताबी ज्ञानमात्रै होइन, जीवनबोध गराउने मान्छे । यस मानेमा गुरुकूलीन शिक्षक र वर्तमानका शिक्षकलाई दाँज्ने हो भने आजका प्राय: शिक्षक 'गुरु' शब्दको छेउछाउमै पर्न सक्ने स्थिति छैन । यसैकारण हुन सक्छ, गुरुकूलमा शिक्षकले म जे गर्छु, तिमी त्यही गर भन्थे भने आजका शिक्षकहरू म जे गर्छु त्यो होइन, म जे भन्छु त्यो गर भन्ने अवस्था प्राय: शिक्षकमा देखिन्छ । अर्थात् बालबालिकाकाका लागि सबैभन्दा ठूलो आदर्श लाग्ने/लाग्नुपर्ने व्यक्ति नै पथभ्रष्ट भइरहेको तीतो यथार्थ आजको समाजले भोगिरहको छ ।

हरेक बालक केही न केही सम्भावना बोकेर जन्मेको हुन्छ । भनिन्छ, कुनै पनि बालक आफैँमा कमजोर हुँदैन । बरु, ऊ जन्मे हुर्केको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक आदि परिवेशका कारण उसको सिकाइस्तरमा फरकपन देखिन सक्छ । यसैका कारण बालबालिकामा देखिने स्तरगत भिन्नतालाई नै बालबालिकाको कमजोरीका रूपमा हेर्नु शिक्षकको कमजोरीशिवाय केही हुन सक्दैन । कोही बालबालिकामा साहित्य सिर्जना गर्ने खुबी होला त कसैमा गीत गाउने । कसैमा नाच्ने सिप होला त कोहीमा खेल खेल्ने । कोही चित्र कोर्न सक्लान् त कोही अभिनय गर्न । कोही बोल्ने कलामा निपुण होलान् त कोही सामान्यज्ञानमा । तर हामी शिक्षकहरू सबैखाले सिप र दक्षता एउटै बालबालिकामा खोजिरहेका छौँ त्यसैकारण हामीले बालबालिकालाई बुझ्न सकिरहेका छैनौँ ।

यस्तै, कोही शिक्षकहरु बालबालिकालाई 'केटाकेटी', 'भुराभुरी', 'बच्चाबच्ची' आदिको संज्ञा दिन्छन् र बालबालिकाले केही गर्न सक्दैनन् भन्ने मनोविज्ञान पाल्छन् । यस किसिमका शिक्षकहरू आफूले आफैँलाई 'ठुलाबडा' को पगरी गुथाउँदै बालबालिकालाई 'नाथे' शब्दले अपमान गर्दछन् । एकदमै थोरै शिक्षकमात्र बालबालिकालाई भविष्यका कर्णधार र वर्तमानका साझेदार ठान्छन्, बालबालिकाभित्रको क्षमतालाई चिन्दछन् र सोहीअनुसारको व्यवहार गर्दै उपयुक्त सिकाइ वातावरणसमेत तयार गर्छन् । यिनै शिक्षकहरू सिर्जनशील शिक्षक हुन्, यिनीहरू नै वास्तवमा शिक्षकबाट गुरु बन्न लायक छन् र यिनीहरूकै अघि आम विद्यार्थीको शिर श्रद्धाले निहुरिने गर्दछ ।

बोलीवचन भनेको मानिसको सोच र व्यवहारको प्रतिबिम्बन हो । 'बालक भनेका बच्चाबच्ची हुन्, भुराभुरी हुन्, यिनीहरूलाई केही थाहा हुन्न, यिनीहरूको दिमाग पुरै खाली हुन्छ, यिनीहरूमा कुनै खास क्षमता हुँदैन' भन्ने साँघुरो सोच राख्ने र त्यसै अनुसारको व्यवहार गर्नेहरू आजको समाजमा पनि बग्रेल्ती छन् तर वास्तवमा बालबालिकालाई भित्रबाट चिन्न नसकेर तिनीहरू यसो भनिरहेका हुन् । यस किसिमको सोच बोकेका मानिसले देवकोटादेखि गोर्कीसम्म, महावीरदेखि बिल गेट्ससम्म, पुष्पादेखि टेरेसासम्म, सन्दुकदेखि सुकरातसम्म, पासाङदेखि पारिजातसम्म, मार्क्सदेखि गान्धीसम्म सबै हिजोका बालक नै थिए भन्ने कुरा त बिर्से बिर्से, भविष्यप्रतिका अनेकौं सपना देख्ने, हिजोको त्यो स्वप्नद्रष्टा बालक पनि आफैं थिएँ भन्नेसमेत बिर्सेको देख्दा भने अचम्म लागेर आउँछ ।

औपचारिक शिक्षा र सोको प्रमाणपत्र मानिसका लागि जति महत्वपूर्ण छ, त्योभन्दा बढी सिर्जनशील जीवन बाँच्ने कुरा अझ विशेष महत्वपूर्ण छ । सिर्जनशील जीवन बिताउनका लागि सानैदेखि बालबालिकामा अन्तरनिहित प्रतिभा पहिचान र प्रष्फुटनको वातावरण सिर्जना हुनु आवश्यक छ । बालबालिकाभित्रका विशिष्ट प्रतिभा वा क्षमता प्रष्फुटनका लागि उपयुक्त अवसर सिर्जना गरिदिनु अत्यन्त आवश्यक छ । त्यो अवसर सिर्जना गराउने प्रमुख दायित्व भनेको पहिलो शिक्षकका रूपमा रहने अभिभावक र दोस्रो अभिभावकका रूपमा रहने शिक्षकको नै हो । यो तथ्य हरेक बालबालिकाका अभिभावक, शिक्षक र समाजले बुझ्नैपर्ने हुन्छ ।

कोरा किताबी ज्ञानले मात्र अब मानिसको जीवन चल्न सक्दैन, बालबालिकाभित्र निहित प्रतिभाको उपयुक्त विकास हुन सकेमात्र भोलिको समाज सुन्दर, सिर्जनशील र समृद्ध बन्दछ भन्ने कुरा स्पष्ट छ । अत: आजका सचेत र सिर्जनशील बालकको प्रतिभा पहिचान गर्ने र उजागर गर्ने मुख्य जिम्मेवारी बोकेका शिक्षकले आफूभित्र भित्र गुरुत्वको खोजी गर्नु आवश्यक छ । यसकारण जुन शिक्षकले किताबी ज्ञानमात्रै सिकाउँछन्, उनीहरू बेतनभोगी जागिरे शिक्षकमात्र हुन् भने किताबी ज्ञानबाहेक जीवन र जगत्का महत्वपूर्ण ज्ञान सिपहरु बाँड्ने र बालबालिकामा अन्तरनिहित प्रतिभाको पहिचान गर्दै उजागर गर्ने उपयुक्त अवसर प्रदान गर्ने शिक्षक नै शिक्षक नभएर गुरु हुन् ।

अत: हरेक बालबालिकाले शिक्षकभित्र एउटा मामुली शिक्षकमात्र नभएर गुरुत्वको खोजी गरिरहेका हुन्छन् । त्यसकारण हरेक शिक्षकले आफूभित्र रहेको गुरुत्वलाई जगाउँदै शिक्षकबाट गुरु बन्ने प्रयास गर्नु नै आजको आवश्यकता हो । यसो गर्न सकेमात्रै बालबालिकका‌ले प्रतिभा विकासको उपयुक्त अवसर प्राप्त गर्न सक्दछन् र बालप्रतिभा विकासले उपयुक्त आकार ग्रहण गर्न सक्छ अनि भोलिको सुन्दर, सिर्जनशील र समृद्ध समाजको सपना साकार पार्न सकिन्छ ।

*(बकैया-४ मकवानपुर, हाल: हेटौंडा)*

# मुक्तक



**अजिता ओझा**

मुक्तक-१
दुनियाँ तीनछक परुन् यसरी उसको जीवनमा आउन चाहन्थे
किन बुझ्दैन तोर्पे म मेरो रंगीन सपना उसँग सजाउन चाहन्थे
माया त बेजोड थियो एकअर्कामा बस् फरक यति थियो
उ दुनियाँको सामु देखाउन चाहन्थ्यो म माया लुकाउन चाहन्थे

मुक्तक-२
न भनियो भोकप्यास न भनियो थकाई सुरुसुरुमा
एकैनास लागी परियो सधैं खाई नखाई सुरुसुरुमा
आजभोलि त बहुत मीठो प्यार बसेको छ मेरो पनि
नत्र त अप्रिय लाग्थ्यो लोकसेवा मलाई सुरुसुरुमा

मुक्तक-३
बाँच्ने आधार हौ र त नि तिमीलाई सम्झिन्छु
तिमीले भन्दाबढी म नि तिमीलाई सम्झिन्छु
हिँड्दै गर्दा गोरेटोमा प्रेमिल जोडि देखेँ भने
एकोहोरो हुन्छु अनि तिमीलाई सम्झिन्छु

# आजकल म...



**दिनेश घिमिरे**

आजकल म मान्छे जस्तो छैन
मभित्र हिंसाको हिस्सा छ
त्यसैले म हिंस्रक मान्छे हुँ
म आफैं आफूजस्तै पनि छैन।

आजकल म मान्छे जस्तो छैन
मैले मान्छेलाई हेर्ने दृष्टि फरक छ
म समानता भित्रको कालमा छु
म आफैं आफूजस्तै पनि छैन।

आजकल म मान्छे जस्तो छैन
मभित्र पशुत्वको भावहरू छन्
मेरा स्वभावहरूमा मान्छे छैन
म आफैं आफूजस्तै पनि छैन।

आजकल म मान्छे जस्तो छैन
ममा विचित्रको विपरीत भाव छ
आशयहरूमा आफ्नु वाहेक छैन
म आफैं आफूजस्तै पनि छैन।

आजकल म मान्छे जस्तो छैन
ममा अनौठो भोक जागृत छ
अनन्त प्राप्ति लक्ष्य भरिएको
म आफैं आफूजस्तै पनि छैन।

आजकल म मान्छे जस्तो छैन
म जडत्व स्थुल शरीरको खोलमा
आशाहरूको अपराध बुनिरहेको
मान्छेको रूपमा बुझ्याचा भैरहेछु।
*(साभार: सेतोपाटी)*

## गाउँखाने कथा

१. एउटा साढेको सबैतिर सिङ ।
- तितेकरेला

२. आमा भन्दा छोरी चर्को ।
- खुर्सानी

३. आमा माथि छोरी नाच्छे ।
- सिलौटा

४. उल्टो सुल्टो एउटै हुन्छ पाँच अक्षरको नाम, बढ्दो बैंसको झल्को दिन्छ गर्दा अर्थज्ञान ।
- नवजीवन

५. उसको मासु खान नहुने फुस्रो कालो बानी, सबैभन्दा उही चनाखो एउटा आँखा काना ।
- काग

# सायद मिटर ब्याजले !



**ध्रुव गौतम**

बाले पुरानो थोत्रो साइकल
चार सय पचास हाली किनेर ल्याए
तर मिटर ब्याजमा
विद्यालयको जामा, कपी-किताब अनि भर्ना शुल्क
सबै मुस्कुराउँदै भर्थे
त्यो पनि मिटर ब्याजमा
एक दिन पैसाले फिटफिटी भो
बा बोल्दै थिए
काम गर्ने ठाउँमा भनेको
पहिलेकै तिर्नु धेरै छ, मिल्दैन भन्यो
तर फलानोलाई दुई सय दिएको छु
एक/दुई दिनमा मिलाउँछु भन्या छ
टाउकाको टोपी फुकाल्छन्
अनि पसिना पुछ्दै मुसुक्क हाँस्छन्
जुन मान्छे, जसले गर्ने शारीरिक मेहनत तुलना गर्ने हो भने
सायद त्यो गर्न एउटा साधारण मान्छेलाई कैंयन जुनी लाग्छ होला
तराईको उखरमाउलो गर्मी
न दिन, न त रात
उनी थाक्दैनन्, मैले त कहिल्यै देखिनँ उनी थाकेको
फेरि पनि तनखा थापेको अर्को साता
विभिन्न बहानामा ऋण लिने लाइनमा उभिन्थे
म छक्क पर्थें यी सब देख्दा
न त कुनै कुलत छ, न त फजुल खर्च
यति धेरै पसिना बगाउँदा पनि
एउटा मान्छे कसरी यति अभावमा छ
सायद मिटर ब्याजले !
*(साभार: सेतोपाटी)*

# कसरी रोकूँ !



**सरोजप्रसाद साह**

कसरी रोकूँ, कसरी रोकूँ, मनलाई । २
तिम्रो चुम्बकीय तरङ्गले, खिचिरहेछ ।
मानौं वसन्तमा अब, झुमी रहेछ ।
कसरी रोकूँ, कसरी रोकूँ, ओंठलाई । २



चिसो पनि आईसक्यो, हुस्सी-हुरी ल्याईसक्यो ।
मुटुको यो ज्वालामुखी, सलबलाउन थालिसक्यो ।
तिम्रो तनको यो कोमल ताप, तानिरहेछ ।
हो..., कसरी रोकूँ, कसरी रोकूँ, मुटुलाई । २



सुर्यको यो लाली-किरण, फूलको यो रस मिलान ।
छेउमा नबस अब, बेहोसी नै लागिसक्यो ।
तिम्रो जादुई मुस्कानले मनलाई, मोहिरहेछ ।
कसरी रोकूँ, कसरी रोकूँ, हातलाई । २



आउ चिसो घाँसैमैदान, डाकिरहेछ ।
संगीतसँगै शित पनि, बर्सिरहेछ ।
तिम्रो यौवनको, मुस्कानले तानिरहेछ ।
कसरी रोकूँ, कसरी रोकूँ, मुटुलाई । २





# सात‍ाको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: कीर्ति र प्रतिष्ठामा बढावा हुने समय हो। तर्क, बिचार र निर्णयका क्षेत्रमा द्विविधा हुनसक्छ। रोकिएका कामहरु बन्नेछन्। बन्दव्यापार ठिकै रहनेछ। लोकप्रियता बढ्ने र साँझेदारी कामबाट लाभ प्राप्त होला। शत्रु र प्रतिद्वन्द्वीसँग बच्दा बचाउँदा राम्रो हुन्छ। अध्ययन–अध्यापन मध्यमकारक रहने समय छ।

**वृष राशि**: अध्ययन–अध्यापन ठिकै रहला। कुनै ठोस लगानी गर्नु छ भने प्रयास गर्दा राम्रो। मनोरञ्जनात्मक क्रियाकलापमा सरिक भइने छ। भोजन र परिकारमा र माइएला। जीवन साथीको इच्छा र रुचिलाई ध्यान दिंदा राम्रो। व्यापार–व्यवसाय मध्यमकारक रहला। सामाजिक तथा साँस्कृतिक अनि धार्मिक कृत्यमा सरिक बनिने समय योग छ।

**मिथुन राशि**: पढाइ–लेखाइका क्षेत्रमा सफलता प्राप्त। मान सम्मानबाट प्रतिष्ठामा वृद्धि होला। कल्पना र भावनामा रमाइएला। हाँके ताकेका कामहरु बन्लान्। कर्मप्रति लागि परिएला। प्रतिस्पर्धाबाट विजय प्राप्त होला। गृहिणी र परिवारजनसँगको सहयोगले काम बन्ला। व्यापार–व्यवसाय र धार्मिक यात्रा योग होला।

**कर्कट राशि**: कार्यक्षेत्र र पारिवारीक समस्यालाई सन्तुलनमा राखिने समयको योग छ। व्यापारी र व्यवसायीका लागी व्यवस्थापन गर्ने मनसाय बन्न सक्छ। दौडधूप गर्नुपर्ने काम र भ्रमणमूलक कामबाट आर्थिक सन्तुलन कायम होला। आत्मविश्वासमा वृद्धि हुने समय योग छ। पढाइ–लेखाइ मध्यमकारक छ। नकारात्मक उर्जा वृद्धि हुन सक्छ।

**सिंह राशि**: सामाजिक क्षेत्रको काम वा सार्वजनिक हितको विषयमा सक्रिय भइएला। उच्च शिक्षा प्राप्त हुन सक्छ। वित्तिय कारोबार,यातायात,ढुवानी आदि व्यवसायबाट जिम्मेलारी बढ्ला। एक अर्कोका त्रुटि प्रति बिचार पुर्‍याउनु पर्ला। दार्शनिक बिचार र सामाजिक क्षेत्र अनि धार्मिक काममा सरिक भइने छ।

**कन्या राशि**: अचानक धन प्राप्ति होला। परिवारमा आनन्दको समय छ। बोलीमा दम होला। व्यापार–व्यवसायमा बिचार पुर्‍याउनु पर्ला। नातागोताका काममा खट्नु पर्ला। कार्यक्षेत्र प्रभावित होला। प्रशासनिक काम हल होला। आम्दानीको मार्ग बढ्ला। शिक्षा दीक्षा ठिकै छ। मौखिक कामबाट हानी हुनेछ।

**तुला राशि**: आफ्नो लक्ष्यमा लागी पर्दा राम्रो रहने छ। आफू भित्रको कमी कमजोरी हटाउँदै काम गर्दा राम्रो रहन्छ। रोकिएका र ठप्प रहेका कामलाई पुनजीवन दिने समय छ। इष्टमित्र र शुभचिन्तकको सहयोगले लाभ होला। मनमा उत्साह र शरीरमा फूर्ति आउला। व्यापार–व्यवसायमा सुधार। पढाइ–लेखाइ ठिकै होला।

**वृश्चिक राशि**: खर्च बढ्ला। काम गर्दा सावधानीपूर्वक कदम चाल्दा राम्रो रहन्छ। आम्दानीमा उतारचढाप आउला। लापरवाहीले समेत दण्ड जरिवानामा परिएला। अनाहकमा अवगाल आइपर्ला। यात्रामा नजाँदा राम्रो रहला। रमाइलोमा काममा बाधा होला। अध्ययन–अध्यापनमा त्यति लाभ नहोला। सामाजिक काममा सरिक।

**धनु राशि**: असफलताले सिर्जना गरेको कुण्ठा र खिन्नतालाई बेवास्दा गर्दै अगाडि बढ्दा राम्रो। सरकारी र प्रशासनिक काममा सफलता मिल्ला। चुनौति र अप्ठ्यारा अवस्थाको निराकरण होला। व्यापार ठिकै छ। नोकरी र सामाजिक क्षेत्रबाट पनि मान–सम्मान मिल्ला। पढाइ–लेखाइ ठिकै रहने समय योग छ।

**मकर राशि**: अभिभावक र कार्यक्षेत्रमा राम्रो सम्बन्ध रहने छ। आम्दानीमा कमी आउने समय छैन। आत्मविश्वास अभिवृद्धि हुने छ। कर्मसिद्धिको समय छ। कर्मप्राप्तिका लागी गरिएका हरेक प्रयास सफल हुनेछन्। कर्मचारीले प्रशंसा प्राप्त गर्लान। सामाजिक र धार्मिक सम्बन्ध ठिकै होला। पढाइ–लेखाइ ठिकै छ।

**कुम्भ राशि**: पद प्रतिष्ठामा वृद्धि। जीवनशैलीमा परिवर्तत हुनेछ। चुनौति र समस्या चिर्दै निरन्तर अघि बढ्ने समय छ। धार्मिक र सामाजिक दायित्व बढ्ला। सामाजिक क्षेत्रमा लागी परिएला। व्यापार–व्यवसायी मध्यम फलदायी छ। कार्यक्षेत्र र प्रशासनिक क्षेत्रमा बुद्धिले काम गर्नुपर्ला। पढाइ–लेखाइ ठिकै छ। धार्मिक यात्रा योग छ।

**मीन राशि**: ऋण भार र खर्च वृद्धिले  तनाब होला। व्यापार–व्यवसायमा संभावनाका बाटाहरु फेला पर्लान्। कामको चाप बढ्ला। मानसिक अल्झन र तनावबाट बच्दा र ाम्रो। आपसी भेटघाटमा चिडचिडेपन बढ्ला। शुभफलमा कमी आउला। पारिवारीक अस्वस्थता बढ्ला। अध्ययन–अध्यापन मध्यमकारक रहला।





## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# बारासँग मकवानपुर पराजित




*खेल सुरु हुनुअघि बाराका क्याप्टेन (बायाँ), म्याच रेफ्री र मकवानपुरका टिम क्याप्टेन सुमन सुनार (दायाँ) फोटो खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मधेश प्रदेशको राजधानी जनकपुरमा आयोजित मेयर कप टि-२० क्रिकेट प्रतियोगितामा मकवानपुर बारा जिल्लाको क्रिकेट टिमसँग पराजित भएको छ । मकवानपुर बारासँग २० रनले पराजित भएको मकवानपुर क्रिकेट संघका सचिव विनोद बानियाँले जानकारी दिनुभयो ।

टस जितेर बाराले पहिले ब्याटिङ गरेको बाराले मकवानपुरलाई २० ओभरमा ५ विकेट गुमाएर १ सय ४४ रनको रक्ष्य दिएको थियो । जवाफी ब्याटिङ गरेको मकवानपुर ९ विकेटको गुमाएर १ सय २४ रनमा समेटियो । मकवानपुरका लागि गौरव खड्काले २० रन, शुभ कंशकार, असिम श्रेष्ठ र सुमन सुनारले १७-१७ रन बनाए । यस्तै रामनरेश गिरीले १५ रन बनाए । बाराका लागि शाहिल पटेलले सर्वाधिक ४१ रन बनाए ।

प्रतियोगितामा सहभागी १२ वटा टिमलाई ४ वटा समूहमा विभाजन गरी लिग-कम-नकआउट प्रणालीमा खेलाइने प्रतियोगितामा मकवानपुरको समूहमा बारा र रौतहट रहेको छ । मकवानपुरले लिग चरणको दोस्रो खेल आज शनिबार रौतहटसँग खेल्नेछ । समूह चरणको खेलको समाप्तिपछि शीर्षस्थानमा रहने टिमले सिधै सेमिफाइनल खेल खेल्नेछ । प्रतियोगितामा जनकपुरधाम, महोत्तरी, सिराहा, काठमाडौं, सप्तरी, पोखरा, पर्सा, सर्लाही र विराटनगरको टिम सहभागी छ । प्रतियोगिताको फाइनल खेल बैशाख १ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेताले नगद २ लाख ५१ हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख ५१ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# नागस्वतीमा दुईवटा बाल समूह गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीमा एकै दिन दुईवटा बाल समूह गठन भएको छ । बिहीबार जागरण टोल विकास संस्था र भाङ्गटार टोल विकास संस्थाको क्षेत्रमा पिण्डेश्वर बाल समूह र सङ्गालो टोल विकास संस्था र श्रीनिवास टोल विकासको संस्थाको क्षेत्रमा न्युरेनी चिसापानी बाल समूह गठन भएको हो ।

पिण्डेश्वर बाल समूहको अध्यक्षमा शरण चौलागाई, उपाध्यक्षमा अजिता गौतम, सचिवमा सन्दिप चौलागाई, सह-सचिवमा रेजिना खतिवडा, कोषाध्यक्षमा जेनिशा खतिवडा चयन हुनुभएको छ । समूहमा २० जना सदस्यसमेत गरी २५ जनाको कार्यसमिति बनाइएको छ । पिण्डेश्वर बाल समूहको संरक्षकमा पुष्पा चौलागाईंलाई चयन गरिएको छ ।

न्युरेनी चिसापानी बाल समूहको अध्यक्षमा सन्देश पोखेरेल, उपाध्यक्षमा रोजिना चौलागाई, सचिवमा अदिती कोइराला, सह-सचिवमा सौगात कोइराला, कोषाध्यक्षमा कृषला घिमिरेसहित २० जना सदस्य रहेको २५ सदस्यीय बाल समूह गठन गरिएको छ । सो बाल समूहको संरक्षकको रुपमा सुजित पोखरेल चयन हुनुभएको छ ।

लैंगिक समानता सामाजिक समावेशीको आधारमा हेटौंडा उपमहानगर पालिका-७ का बालमैत्री वडा सहकर्ता गोकर्ण लामाको सहजीकरणमा बाल समूह गठन भएको हो । बाल समूह गठन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-७ का वडा अध्यक्ष दामोदर गौतम, वडा सदस्यहरू श्यामसुन्दर परियार, दिनेश थापा मगर, हेटौंडा-७ को टोल विकास समन्वय समितिका अध्यक्ष युवराज गौतम, जागृती टोल विकास संस्थाका अध्यक्ष श्यामकुमार दाहाल, संगालो टोल विकास संस्थाका अध्यक्ष वेदप्रसाद भट्टराई, श्रीनिवास टोल विकासका अध्यक्ष जनार्दन पौडेललगायत अभिभावकहरुको उपस्थिति रहेको थियो ।

# इन्द्रसरोवरमा शैक्षिक एवम् धार्मिक महोत्सव सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा शैक्षिक एवम् धार्मिक महोत्सव सुरु भएको छ । इन्द्रसरोवर गाउँपालिका-४, फाखेलचौरस्थित कालिका माध्यमिक विद्यालयको प्राङ्णमा बिहीबारबाट महोत्सव सुरु भएको हो ।

आगामी चैत २९ गतेसम्म सञ्चालन हुने महोत्सवको प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले उद्घाटन गर्नुभएको छ । कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष उमाकुमारी लामा, वडा अध्यक्ष तथा वडा सदस्यहरुको समेत उपस्थिति रहेको थियो ।

महोत्सवको पहिलो दिन ५ लाख ७६ हजार ५ सय ६५ रुपैयाँ सहयोग रकम संकलन भएको छ । महोत्सवको पहिलो दिन स्थानीय धनवीर स्याङ्तानको परिवारले एक लाख ११ हजार एक सय ११ रुपैयाँ दान गरेको बताइएको छ । स्थानीय प्रेमबहादुर लामाले ५१ हजार रुपैयाँ दान गर्नुभएको छ ।

महोत्सवमा दैनिकरुपमा सबैभन्दा बढी दान गर्ने व्यक्तिलाई महानायक र दोस्रो बढी दान गर्ने व्यक्तिलाई सभानायक घोषणा गरेर सम्मान गर्ने बताइएको छ । बढी दान गरेर महानायकबाट सम्मान गरिसकेपछि अर्को व्यक्तिले अझ बढी दान गरेमा फेरि अर्को व्यक्तिलाई महानायक बनाइने बताइएको हो ।

# मानवअधिकारको कार्ययोजनाबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना र कार्यान्वयनको अवस्था विषयकमा अन्तरक्रिया कार्यक्रम शुक्रबार हेटौंडामा भएको छ । राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालय र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को संयुक्त आयोजनामा अन्तरक्रिया भएको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यमा भएको छलफलमा इन्सेक बागमती प्रदेश कार्यालयका प्रमुख गणेश भण्डारीले मानव अधिकारको पाँचौ राष्ट्रिय कार्ययोजनाका विषयमा जानकारी गराउनुभएको थियो । अन्तरक्रियामा सहभागीले मानवअधिकारको विषयमा स्थानीय सरकारले ध्यान दिनुपर्नेमा जोड दिएका थिए । केही अधिकारवादीले पीडकबाट आफूहरुविरुद्ध नै मुद्दा दायर गरेको सुनाउनु भयो । मानवअधिकारलाई स्थापित गर्न सरकार जिम्मेवार हुन नसकेको र कतिपय अवस्थामा युरोपेली मुलुकको मापदण्डमा आधारित मानवअधिकारको सुनिश्चितता सम्भव नहुने सहभागीले बताएका थिए ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# जंगबहादुरको घर जलेर नष्ट

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, भोर्लेस्थित जंगबहादुर गुरुङको घर जलेर नष्ट भएको छ । शुक्रबार दिउँसो साढे ३ बजेको समयमा घर नजिकैको बाँसको झाङमा लगाएको आगो सल्किएर गुरुङको घर नष्ट भएको हो ।

१८ नम्बर वडा सदस्य योगराज खतिवडाका अनुसार पराल राखिराखेको दुई तल्ले काठको घर आगोले नष्ट भएको छ । आवासका लागि प्रयोग नगरिएको हुनाले मानवीय क्षति भने नभएको वडा सदस्य खतिवडाले बताउनुभयो । स्थानीय युवा र हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्रले करिब १ घण्टामा आगो नियन्त्रणमा लिन सफल भयो ।

**स्वादिष्ट नेवारी खाजा**




अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# अवैध जिउँदो माछा नष्ट

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अवैधरुपमा भारतबाट ल्याइएको जिउँदो माछाको भुरा नष्ट गरिएको छ । बिहीबार सशस्त्र प्रहरी बल १४ नम्बर गणको टोलीले चुरियामाई चेकप्वाइन्टमा नियन्त्रणमा लिएको ४८ केजी माछाको भुरा शुक्रबार नष्ट गरिएको हो ।

शुक्रबार पत्रकार समेलन गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडाका प्रतिनिधि र जनप्रतिनिधिको उपस्थितिमा प्रतिबन्धित माछाको भुरा खाल्डोमा पुरी नष्ट गरिएको छ । सहायक प्रहरी निरीक्षक कुमार गुप्ताको कमाण्डमा खटिएको चेकप्वाइन्ट टोलीले सर्लाहीबाट हेटौंडातर्फ आउँदै गरेको बा ७ ख ६४१ नम्बरको यात्रुबाहक बसको डिक्कीमा राखेर ल्याइएको माछा चुरियामाई चेकप्वाइन्टमा बरामद गरेको थियो ।

# जनप्रियमा स्ववियु पदाधिकारीको सपथ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित जनप्रिय बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मा नवनिर्वाचित समितिले सपथ तथा पदभार ग्रहण गरेका छन् । बिहीबार एक कार्यक्रमको बीच समितिलाई निर्वाचित भएको प्रमाणपत्र वितरण गरेर सपथग्रहण गराएको निर्वाचन अधिकृत विष्णुहरि गौतमले जानकारी दिनुभयो ।

चैत ५ गते सम्पन्न निर्वाचनबाट अखिल (क्रान्तिकारी) का तर्फबाट स्ववियु सभापतिमा मुना गोले निर्वाचित हुनुभएको थियो । गोलेले निर्वाचन अधिकृत गौतमबाट सपथ लिनुभई पदभार ग्रहण गर्नुभएको छ । यस्तै, सचिव पुष्पा बास्तोला, कोषाध्यक्ष नमुना पोखरेल, सदस्यहरु मेनुका दाहाल, पवित्रा अधिकारी, बिनिता तिमलसिना, सबिता थिङ, आईश्री भ्लोन, यमकुमारी श्रेष्ठ, सन्तोष रेग्मी र जीवन गुरुङले सपथग्रहण गर्नुभएको छ । सपथ तथा पदभार ग्रहण कार्यक्रममा १६ नम्बर वडाका वडाध्यक्ष रामकृष्ण कोइराला, क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष मदन दाहालको पनि उपस्थिति रहेको थियो ।

# हेटौंडा र मनहरीमा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरेका छन् । क्रिश्चियन विद्यार्थी सगंतीद्वारा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा ७ जना महिला र ३६ जनाले रक्तदान गरेका हुन् । शुक्रबारै मनहरीमा पनि रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् । मनहरी बजारमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको सहयोग रहेको ब्लड बैंकका प्रमुख टंकप्रसाद दाहालले बताउनुभयो ।

# स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी छलफल

समाज संवाददाता

हेटौंडाः स्थानीय पाठ्यक्रम निर्माणका लागि सरोकारवालाहरुसँग छलफल एवम् पृष्ठपोषण संकलन कार्यक्रम सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिकाको सभाहलमा उपमहानगरले शुक्रबार आयोजना गरेको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक तथा शिक्षक प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागीहरुले नैतिक र मूल्य मान्यताको शिक्षालाई स्थानीय पाठ्यक्रममा विशेष जोड दिनुपर्ने बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रामचन्द्र खड्काले स्थानीय पाठ्यक्रमबारे सहजीकरण गर्नुभयो । हेटौंडा उपमहानर भित्रै सञ्चालनमा रहेका उद्योग, कलकार खाना, पेशा, व्यवसाय, भूगोल, स्थानीय प्राकृतिक स्रोत र सम्पदा, जंगल, रुखविरुवा, खोलानाला, हावापानी, भाषा, कला, संस्कृति, रहनसहन, इतिहासलाई पाठ्यक्रममा कसरी समेटिने भन्ने विषयमा खड्काले जानकारी दिनुभयो ।

स्थानीय पाठ्यक्रम प्रारुप २०७१ अनुसार स्थानीय पाठ्यक्रमको ढाँचा, स्थानीय पाठ्यक्रम विकासका प्रक्रियाहरु, संघ, प्रदेश र स्थानीय सरकारको पाठ्यक्रमसम्बद्ध अधिकार क्षेत्रको बाँडफाँड, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन तथा वितरण, तहअनुसार आधारभूत शिक्षा, स्थानीय विषयका सम्भावित विषय क्षेत्रजस्ता विषयमा खड्काले सहजीकरण गर्नुभयो । पाठ्यक्रम विकास तथा कार्यान्वयन समितिका केशव सञ्जेलले आवश्यकतालाई पहिचान गरी विकेन्द्रीकरणलाई आत्मसाथ गर्दै स्थानीय पाठ्यक्रम विकासका लागि अघि बढ्नुपर्ने बताउनुभयो ।

कक्षा-३ सम्म प्रायः विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आइसकेको उहाँले बताउनुभयो । अब कक्षा-४ देखि ८ सम्मको पाठ्यक्रम निर्माणमा उपमहानगरपालिका लागेको सञ्जेलले बताउनुभयो । छलफल कार्यक्रम पहिलो चरणको रहेकाले अब उपमहानगर पालिकाले फेरि विज्ञहरुसँग छलफलमा लाग्ने उहाँले जानकारी दिनुभयो । सामग्री अध्ययन, विषयवस्तु किटान, सिकाई प्रक्रिया तथा मूल्यांकन, खोज तथा अनुसन्धान, लेखन तथा सम्पादन, प्रगतिकरण र वितरणमा लाग्ने जानकारी सञ्जेलले दिनुभयो । स्थानीय पाठ्यक्रममा प्रयोगात्मक र सैद्धान्तिक विषय बराबर समेटिने उहाँको भनाई छ ।

# जेनिथमा सीटीईभीटीको तालिम हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेमा रहेको जेनिथ ईन्टरनेशनल सेकेन्डरी बोर्डिङ स्कूलले सीटीईभीटी कार्यक्रमअन्तर्गत् ३ महिने तालिम सञ्चालनमा ल्याउने भएको छ । शुक्रबार स्कूलका प्रधानाध्यापक श्रीबहादुर कार्कीले पत्रकार सम्मेलनमार्फत् सीटीईभीटीअन्तर्गत् ३ वटा तालिम सञ्चालनमा ल्याउन लागेको जानकारी दिनुभयो ।

तह एकको व्यावसायिक खाना बनाउने (कुकिङ), हेरचाहकर्ता (केयर गिभर) र मन्टेश्वरी तालिम आउँदो शैक्षिक सत्र-२०८० सालदेखि सुरुवात गरिने उहाँले बताउनुभयो । आधारभूत तह (कक्षा-८) उत्तीर्ण गरेकाले तह एकको व्यावसायिक खाना बनाउने र हेरचाहकर्ता तालिममा सहभागी हुन पाउनेछन् । तालिम ३ महिना अवधि (७९२ घण्टा)को हुने उहाँले जानकारी दिनुभयो ।

यस्तै, एसईई (कक्षा-१०) उत्तीर्ण गरेका विद्यार्थीले ३ महिने मन्टेश्वरी तालिम (३९० घण्टा)को लिन पाउने कार्कीले बताउनुभयो । उक्त विषयगत तालिममा ३०/३० जनाको कोटा रहेको उहाँको भनाइ छ । तालिम सशुल्क हुने बताइएको छ ।

प्रधानाध्यापक कार्कीका अनुसार हेटौंडा सिटी कलेजले वाणिज्य संकाय र विज्ञान संकायको अध्यापन गराउँदै आइरहेको छ । यस्तै, यस वर्षदेखि अंग्रेजी माध्यममा कानुन संकायमा समेत अध्यापन गराइरहेको उहाँले बताउनुभयो ।

आउँदो शैक्षिक सत्रमा स्वास्थ्यको ल्याब र एचए विषय अध्यापनको तयारी रहेको उहाँको भनाई छ । उपमहानगरको शैक्षिक हव कार्यक्रमलाई टेवा पुऱ्याउने उद्देश्यले जेनिथ स्कूलले पनि मागअनुसार उक्त तालिम सञ्चालनमा गर्न लागेको उहाँले जानकारी दिनुभयो । दक्ष जनशक्ति उत्पादन गरी स्वरोजगार बनाउन तालिमले भूमिका खेल्ने उहाँले बताउनुभयो । जेनिथ स्कूलका संस्थापक रमिता पाण्डेको सभाध्यक्षतामा पत्रकार सम्मेलन भएको हो ।

# सेनेटरी प्याड बनाउने तालिम हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सेनेटरी प्याड निर्माण गर्ने तालिम हुने भएको छ । आगामी बैशाखमा सेनेटरी प्याड बनाउने तालिम सुरु हुने तालिम संयोजक किरण बलले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाभित्रका २० जना महिलाहरुलाई तालिम दिइने उहाँले बताउनुभयो । तालिमका लागि शुक्रबार देखि बैशाख ५ गतेसम्म आवेदन खुलाइएको उहाँले बताउनुभयो । सेनेटरी प्याड निर्माण गरेरै जीविकोपार्जन गर्नेलाई प्राथमिकता दिने उहाँले बताउनुभयो ।

मकवानपुरमा अहिले सबै विद्यालयहरुमा सेटेनरी प्याड खरिदबिक्री हुने हुनाले तालिम आयोजना गरिएको उहाँले बताउनुभयो । अहिले मकवानपुरका विद्यालयमा प्रयोग भइरहेको भन्दा गुणस्तरीय प्याड निर्माण गर्न तालिम दिइने उहाँले बताउनुभयो ।

**मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक**

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ